# .लोक सेवा आयोग

## अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्रअनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरहका पदको द्वितीय चरणको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८१/१/२१

समय: २ घण्टा ३० मिनेट पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

(Contemporary Studies and Public Service Management)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

### खण्ड (Section) – A अंक – ३५

१. भौगोलिक संरचनाका आधारमा नेपाललाई कति भागमा विभाजन गर्न सकिन्छ? क्षेत्रफल सहित लेख्नुहोस्। साथै, हिमाली क्षेत्रका मुख्य विशेषताहरू उल्लेख गर्नुहोस्। २+३=५
On the basis of geographical structure, in how many parts can Nepal be divided? Write with areas. Also, mention the main features of Himalayan Region.

२. नेपालको हावापानीको मुख्य विशेषता उल्लेख गर्दै कुन तत्वहरूले हावापानीलाई प्रभाव पार्दछ? उल्लेख गर्नुहोस्। ३+२=५
Mentioning the main characteristics of climate of Nepal, what factors influence the climate? Mention.

३. आर्थिक विकासलाई परिभाषित गर्नुहोस्। नेपालको सन्दर्भमा आर्थिक विकासका परिसूचकहरू उल्लेख गर्दै मुलुकको विद्यमान आर्थिक अवस्थाको छोटकरीमा चित्रण गर्नुहोस्। १+२+२=५
Define economic development. In the context of Nepal mentioning the indicators of economic development, illustrate briefly the current economic situation of the country.

४. नेपालको चालु १५औं आवधिक योजनाको राष्ट्रिय रणनीतिहरू लेख्नुहोस्। ५
Write down the national strategies of the current 15th periodic plan of Nepal.

५. नेपालमा भइरहेको बसाईंसराइका कारण उल्लेख गर्दै बसाईंसराइको प्रवृत्ति विश्लेषण गर्नुहोस्। २+३=५
Mentioning the causes of migration happening in Nepal, analyse the trend of migration.

६. नेपालका सरकारी कार्यालयहरूमा सूचना प्रविधिको कसरी प्रयोग भइरहेको छ? साथै, सूचना प्रविधिको महत्त्व र नेपालमा यसको प्रयोगको सान्दर्भिक उदाहरणहरूसहित चुनौतीहरू उल्लेख गर्नुहोस्। ४+६=१०
How is the information technology being used in Nepal's government offices? In addition, mention the importance and challenges of information technology in its use in Nepal with relevant examples.

### खण्ड (Section) – B अंक – ३५

७. स्थानीय तहको कार्यकारिणी अधिकारबारे लेख्नुहोस्। ५
Write down about executive power of local level.

८. नागरिक समाज भनेको के हो? यसका प्रमुख विशेषताहरू वर्णन गर्नुहोस्। २.५+२.५=५
What is Civil Society? Describe its salient features.

क्रमश:

९. "नजीर" शब्दको अर्थ के हो? यो किन कानूनको श्रोत हो? स्पष्ट पार्नुहोस्। ५
What is the meaning of "Precedent" word? Why is it a source of law? Clarify.

१०. नेपालको निजामती सेवामा समावेशीकरण नीतिको कार्यान्वयन पश्चात् सेवा प्रवाहको क्षेत्रमा के प्रभाव देखापरेको छ? विश्लेषण गर्नुहोस्। ५
After the execution of inclusive policy in Civil Service of Nepal, what impact has occured in the area of service delivery? Analyse.

११. विद्युतीय शासन भन्नाले के बुझिन्छ? यो किन आवश्यक छ? उल्लेख गर्नुहोस्। ५
What is meant by e-governance? Why is it necessary? Mention.

१२. नेपालले संघीय शासन प्रणाली किन अवलम्बन गऱ्यो? प्रमुख कारणहरूको बारेमा चर्चा गर्दै यस प्रणालीका विशेषताहरू उल्लेख गर्नुहोस्। यस अतिरिक्त, संघीयताको हालसम्मको कार्यान्वयन अवस्था लेख्नुहोस्। ३+३+४=१०
Why did Nepal adopt federal governance system? Discussing about main reasons mention the features of this system. In addition, write down the execution status of federalism so far.

## खण्ड (Section) – C अंक – ३०

१३. अभिलेख व्यवस्थापनको महत्त्वमाथि प्रकाश पार्दै सूचना तथा संचार प्रविधिले अभिलेख व्यवस्थापनलाई कसरी अझ प्रभावकारी बनाउन सघाउ पुऱ्याउन सक्छ? स्पष्ट पार्नुहोस्। २+३=५
Highlighting on the importance of record management, how can Information and Communication Technology help out to make record management more effective? Elucidate.

१४. नेपालमा बजेट कार्यान्वयन प्रक्रियामा देखिएका समस्याहरू लेख्नुहोस्। ५
Write down the problems occurred in the process of budget implementation in Nepal.

१५. जिन्सी स्रेस्ता प्रणाली अन्तर्गत नेपालका सरकारी निकायमा प्रयोगमा रहेका मुख्य मुख्य फारामहरूबारे संक्षिप्तरूपमा परिचय गराउनुहोस्। ५
Introduce briefly about the main forms practised in government bodies of Nepal under the Jinsi Shresta (Inventory) system.

१६. नेपालको निजामती सेवाको जनशक्ति व्यवस्थापनमा देखिएका समस्याहरू र यसका समाधानका उपायहरू उल्लेख गर्नुहोस्। २+३=५
Mention the problems occurred in the manpower management of Civil Service of Nepal and measures of its solution.

१७. नेपालमा सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्याहरू वर्णन गर्दै यस्ता समस्या न्यूनीकरण गर्न सेवा प्रदायकको रूपमा संघीय, प्रादेशिक र स्थानीय तहका सरकारले कुन कुन पक्षमा ध्यान दिनुपर्ला? व्याख्या गर्नुहोस्। १०
Describing the problems seen in public services delivery system in Nepal, to minimize such problems, in which aspects should the Federal, Provincial and Local Level Governments pay attention as service providers? Explain.

«««समाप्त»»»

**लोकसेवा आयोग**

**राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा**

**पत्र : द्वितीय** **(मिति : २०७९/०३/२५)** **पूर्णाङ्क : १००**

**विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन** **समय : २ घण्टा ३० मिनेट**

## खण्ड (A) (नेपालको सामाजिक, आर्थिक एवम् वातावरणीय अवस्था= 35 M arks

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस्।**

१. नेपालको मधेश प्रदेशका प्रमुख विशेषताहरू उल्लेख गर्दै यस प्रदेशका बासिन्दाहरूको आर्थिक अवस्था सुदृढ गर्न चाल्नुपर्ने उपायहरू उल्लेख गर्नुहोस्। (२.५+२.५)

२. नेपालमा सामुदायिक बनको अवधारणाले वन संरक्षणमा पुऱ्याएको योगदानको चर्चा गर्नुहोस्। (५)

३. नेपाली लोक संस्कृतिका सबल र दुर्बल पक्षहरूमाथि प्रकाश पार्नुहोस्। (२.५+२.५)

४. चालू पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) ले गरिबी निवारणका सम्बन्धमा लिएका रणनीतिहरू उल्लेख गर्नुहोस्। (५)

५. जनसांख्यिक लाभ भन्नाले के बुझिन्छ? देश विकासमा यसको के भूमिका रहेको छ? लेख्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस्।**

६. सामाजिक सुरक्षाको अवधारणा प्रष्ट पार्नुहोस् सामाजिक सुरक्षा सम्बन्धमा नेपालको संविधानमा गरिएका प्रमुख प्रावधानहरूको संक्षिप्त चर्चा गर्नुहोस्। (३+७)

## खण्ड (B) संवैधानिक व्यवस्था र सरकार = 35 M arks

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस्।**

७. नेपालको संविधानका मूलभूत विशेषताहरू उल्लेख गर्नुहोस्। (५)

८. लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक समाजको महत्त्व उल्लेख गर्नुहोस्। (५)

९. कानुनी राज्यको अवधारणामाथि प्रकाश पार्दै यसका विशेषताहरू उल्लेख गर्नुहोस्। (५)

१०. सार्वजनिक सेवा प्रवाहलाई सदाचारयुक्त बनाउन गर्नुपर्ने सुधारका उपायहरू प्रस्तुत गर्नुहोस्। (५)

आरक्षण र सकारात्मक विभेदबीचका समानता र भिन्नता लेख्नुहोस्। (५)

११. विद्युतीय शासनले सुशासन कायम गर्न कसरी मदत पुऱ्याउँछ ? लेख्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस्।**

१२. नेपालको संघीय प्रणालीको प्रमुख विशेषताहरू उल्लेख गर्दै संघीय प्रणाली कार्यान्वयनका समस्याहरू र सुधारका उपायहरू उल्लेख गर्नुहोस्। (४+३+३)

## खण्ड (C) सार्वजनिक सेवा संचालन एवम् व्यवस्थापन =30 M arks

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस्।**

१३. कार्यालय व्यवस्थापन भनेको के हो ? यसको महत्त्व उल्लेख गर्नुहोस्। (२+३)

१४. कार्यालय व्यवस्थापनमा सूचना व्यवस्थापन प्रणाली ( MIS) को आवश्यकता र महत्त्व प्रकाश पार्नुहोस्। (५)

१५. तल दिइएका विषयमा छोटो टिप्पणी लेख्नुहोस्। (२.५+२.५)

क) राजश्व सेस्ता ~~प्रणाली~~ ख) अन्तःशुल्क

१६. मानवस्रोत व्यवस्थापनका अवयवहरूबारे प्रकाश पार्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस्।**

१७. वृत्ति विकास भन्नाले के बुझिन्छ ? निजामती सेवा ऐन तथा नियमावलीमा वृत्ति विकाससम्बन्धी भएका व्यवस्था उल्लेख गर्नुहोस्। (३+७)

**लोकसेवा आयोग**

**राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिकतर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा**

**पत्र : द्वितीय** **(मिति : २०७९/०२/२१)** **पूर्णाङ्क : १००**

**विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन** **समय : २ घण्टा ३० मिनेट**

**निम्न प्रश्नहरूको उत्तर Section अनुसार बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

## खण्ड (A) नेपालको सामाजिक, आर्थिक एवम् वातावरणीय अवस्था — 35 M arks

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस्।**

१. नेपालको हिमाली तथा पहाडी प्रदेशका विशेषताहरू उल्लेख गर्नुहोस्। (५)

२. नेपालमा जलसम्पदाका स्रोतहरू र यसको बहुआयामिक उपयोगबारे उल्लेख गर्नुहोस्। (५)

३. संस्कृतिक विविधताले नेपालको राष्ट्रिय एकतामा कसरी योगदान गरेको छ ? उल्लेख गर्नुहोस्। (५)

४. नेपालको पन्धौं योजना (२०७६/७७-२०८०/८१) का कुनै पाँचवटा राष्ट्रिय रणनीतिहरू उल्लेख गर्नुहोस्। (५)

५. बढ्दो सहरीकरणले जनसङ्ख्या व्यवस्थापनमा पारिरहेको असरको संक्षिप्त समीक्षा गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस।**

६. गरिबी र बेरोजगारीबीचको अन्तरसम्बन्धबारे प्रकाश पार्नुहोस्। नेपालमा बेरोजगारीको समस्या हल गर्न अपनाउनुपर्ने उपायहरू उल्लेख गर्नुहोस्। (१०)

## खण्ड (B) संवैधानिक व्यवस्था र सरकार — 35 M arks

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस्।**

७. नेपालको संविधान बमोजिम नागरिकका कर्तव्यहरू उल्लेख गर्नुहोस्। (५)

८. सामाजिक सचेतना बढाउनको लागि नागरिक शिक्षाको योगदान कसरी हुन्छ ? उदाहरणसहित लेख्नुहोस्। (५)

९. नजिर भन्नाले के बुझ्नुहुन्छ ? न्यायिक प्रक्रियामा नजिरको महत्त्वबारे चर्चा गर्नुहोस्। (५)

१०. नेपालमा सूचनाको हकलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने देखिएका समस्याहरू संक्षेपमा उल्लेख गनुहोस्। साथै सूशासन कायम गर्न सूचनाको हकले कस्तो भूमिका खेल्दछ ? प्रष्ट पार्नुहोस्। (२.५+२.५)

११. भ्रष्टाचार नियन्त्रण गर्न राष्ट्रिय सतर्कता केन्द्रको भूमिकाबारे चर्चा गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस्।**

१२. नेपालको संविधानका मुख्य-मुख्य विशेषताहरू उल्लेख गर्दै राज्यशक्तिको बाँडफाँडका सम्बन्धमा गरिएको व्यवस्थाबारे उल्लेख गर्नुहोस्। (५+५)

## खण्ड (C) सार्वजनिक सेवा संचालन एवम् व्यवस्थापन — 30 M arks

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस्।**

१३. अभिलेख व्यवस्थापन भन्नाले के बुझिन्छ ? अभिलेख व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरू के-के हुन् ? लेख्नुहोस्। (५)

१४. सरकारी लेखा प्रणालीका विशेषताहरू उल्लेख गर्नुहोस्। (५)

१५. निजामती सेवा ऐन, २०४९ मा कर्मचारीको वृत्ति विकाससम्बन्धी भएको व्यवस्था उल्लेख गर्नुहोस्। (५)

१६. निजामती सेवा ऐन तथा नियमावलीअनुसार कर्मचारीले पालना गर्नुपर्ने पेशागत आचरणहरू उल्लेख गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस्।**

१७. नेपालमा सार्वजनिक सेवा प्रवाहका तरिका वा माध्यमहरू उल्लेख गर्नुहोस्। सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्याहरू औल्याई सेवा प्रवाह प्रभावकारी तुल्याउन के गर्नुपर्ला ? सुझाव प्रस्तुत गर्नुहोस्। (३+३+४)

**लोकसेवा आयोग**
**राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिकतर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा**
**पत्र : द्वितीय (मिति : २०७७/०९/२६) पूर्णाङ्क : १००**
**विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन समय : २ घण्टा ३० मिनेट**

**निम्न प्रश्नको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

## खण्ड (Section) – A

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१. नेपालमा अपेक्षा गरेअनुसार कृषिक्षेत्रको विकास किन हुन सकेन ? कारण लेख्नुहोस्। (५)

२. नेपालमा बसाईंसराइको प्रवृत्तिबारे चर्चा गर्दै बसाईंसराइका कारक तत्त्वहरू उल्लेख गर्नुहोस्। (२+३)

३. नेपालमा जलविद्युत् उत्पादनको वर्तमान अवस्था कस्तो रहेको छ ? के नेपालको विद्युत् निर्यातको सम्भावना छ ? आफ्नो राय दिनुहोस्। (३+२)

४. नेपालमा सामुदायिक वन व्यवस्थापनको अवधारणाले वनजंगलको संरक्षणमा के कस्तो योगदान पुराएको छ ? उल्लेख गर्नुहोस्।(५)

५. नेपाल बहु धर्म, जातजाति, भाषाभाषी र संस्कृतिको रूपले सम्पन्न मुलुक हो। नेपालमा प्रचलित विभिन्न भाषा र संस्कृतिको जगेर्ना र विकास गर्न गरिएका नीतिगत व्यवस्थाबारे प्रकाश पार्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

६. नेपालमा सहकारी क्षेत्रलाई आर्थिक विकासको एक महत्त्वपूर्ण सम्वाहकको रूपमा स्वीकार गरिएको छ। यसै सन्दर्भलाई दृष्टिगत गर्दै पछिल्ला वर्षहरूमा देशको आर्थिक विकासमा सहकारी क्षेत्रले पुऱ्याएको योगदान माथि चर्चा गर्दै सहकारी क्षेत्रको विकासमा देखापरेका चुनौति समेत उल्लेख गर्नुहोस्। (६+४)

## खण्ड (Section) – B

७. कानुनका स्रोतहरू उल्लेख गर्नुहोस्। (५)

८. सूचनाको हक भन्नाले के बुझ्नुहुन्छ ? सूचनाको हकले सार्वजनिक प्रशासनमा सुशासन काम गर्न कसरी सहयोग पुऱ्याउँछ। (२+३)

९. नेपालमा वित्तीय संघीयतालाई कसरी आत्मसात गरेको छ ? चर्चा गर्नुहोस्। (५)

१० विद्युतीय शासनको महत्त्वबारे उल्लेख गर्नुहोस्। (५)

११. नेपालमा नागरिक शिक्षाको महत्त्वबारे चर्चा गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१२. भ्रष्टाचार नियन्त्रणका लागि पर्याप्त कानुनी तथा संस्थागत प्रबन्ध हुँदाहुँदै पनि नेपालमा भ्रष्टाचार नियन्त्रण हुन नसक्नुका कारणहरू उल्लेख गर्दै निवारणका उपायहरूसमेत उल्लेख गर्नुहोस्। (५+५)

## खण्ड (Section) – C

**निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

१३. अभिलेख व्यवस्थापनको महत्त्व उल्लेख गर्नुहोस्। (५)

१४. कार्यालय व्यवस्थापनका आधारभूत तत्त्वहरू कुन कुन हुन ? लेख्नुहोस्। (५)

१५. अन्तःशुल्क भनेको के हो ? नेपालमा के कस्ता वस्तु तथा सेवामा अन्तःशुल्क लगाइन्छ ? उल्लेख गर्नुहोस्। (५)

१६. वृत्ति विकास भन्नाले के बुझिन्छ ? नेपालको निजामती सेवामा कर्मचारीको वृत्ति विकासका लागि गरिएका व्यवस्थाहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस्। (२+३)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१७. सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका उल्लेख गर्दै सेवाग्राहीको अधिकार तथा दायित्वको बारेमा चर्चा गर्नुहोस्। (५+५)

**लोकसेवा आयोग**

**राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिकतर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा**

**पत्र : द्वितीय** **(मिति : २०७६/०१/७)** **पूर्णाङ्क : १००**

**विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन** **समय : २ घण्टा ३० मिनेट**

**निम्न प्रश्नको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

## खण्ड (Section) – A

**तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१. नेपालको भौगोलिक अवस्थाको कारण जनजीवनमा परेको मुख्य प्रभावबारे चर्चा गर्नुहोस् । (५)

२. सामाजिक आर्थिक समस्याहरूको कारणबाट हुन सक्ने वनजंगलको विनाशलाई कसरी नियन्त्रण गर्न सकिन्छ ? विवेचना गर्नुहोस् । (५)

३. नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको भूमिकाको बारेमा वर्णन गर्नुहोस् । (५)

४. आवधिक योजना भनेको के हो ? चालु १५ औं योजना (२०७६/७७-२०८०/८१) का रणनीतिहरू के-के हुन् ? (५)

५. सहरीकरण भन्नाले के बुझ्नुहुन्छ ? सहरमा कसरी जनसङ्ख्या व्यवस्थापन गर्न सकिन्छ ? (५)

६. वातावरण व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ ? वातावरण व्यवस्थापन र दीगो विकासबीचको अन्तरसम्बन्धको विवेचना गर्नुहोस् । (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

७. नेपालमा गरिबीको विद्यमान अवस्थाबारे संक्षिप्त विवेचना गर्नुहोस् । साथै गरिबी न्यूनीकरणका लागि भविष्यमा अपनाउनुपर्ने उपायहरूसमेत उल्लेख गर्नुहोस् । (१०)

## खण्ड (Section) – B

**तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

८. नेपालको संविधानमा उल्लेख गरिएका विकाससम्बन्धी नीतिहरू के-के छन् ? लेख्नुहोस् । (५)

९. नेपालमा सुशासन कायम गर्ने सम्बन्धमा देखिएका समस्याहरू उल्लेख गर्नुहोस् । (५)

१०. कानुनको शासन भन्नाले के बुझिन्छ ? चर्चा गर्नुहोस् । (५)

११. आरक्षण भनेको के हो ? सरकारी सेवामा आरक्षण किन आवश्यक पर्दछ ? उल्लेख गर्नुहोस् । (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१२. नेपालको संविधानअनुसार संघ, प्रदेश र स्थानीय तहबीच के कस्तो सम्बन्ध रहने व्यवस्था गरिएको छ ? वर्णन गर्नुहोस् । (१०)

## खण्ड (Section) – C

**तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१३. व्यवस्थापन सूचना प्रणालीले निर्णय प्रक्रियामा कसरी सहयोग पुऱ्याउँछ ? (५)

१४. जिन्सी व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा सार्वजनिक प्रशासनमा यसको महत्त्वमाथि प्रकाश पार्नुहोस् । (५)

१५. छोटो टिप्पणी लेख्नुहोस् : (क) भुक्तानीमा करकट्टी (ख) निजामती सेवा (५)

१६. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन कम्प्युटर प्रणाली किन आवश्यक पर्दछ ? (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१७. बजेट भनेको के हो ? नेपालको बजेट प्रणालीमा भएका कमजोर पक्षहरू उल्लेख गर्नुहोस् । (१०)

*उल्लेखित प्रश्नहरूको उत्तर सम्बन्धित पाठमा समावेश गरिएको छ ।*

**लोकसेवा आयोग**
**राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिकतर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा**

**पत्र : द्वितीय** **(मिति : २०७५/०१/१५)** **पूर्णाङ्क : १००**
**विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन** **समय : २ घण्टा ३० मिनेट**

**निम्न प्रश्नको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

## खण्ड (Section) – A

**तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१. हिमाली प्रदेशका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । (५)
२. नेपालको जलसम्पदाको बहुआयामिक प्रयोग कसरी गर्न सकिन्छ ? (५)
३. नेपालमा प्रचलित पाँचवटा कुप्रथाको नाम लेखी तीमध्ये कुनै दुईको छोटो चर्चा गर्नुहोस् । (५)
४. सार्वजनिक क्षेत्र र निजी क्षेत्र भन्नाले के-केलाई बुझाउँछ ? प्रष्ट पार्नुहोस् । (५)
५. चालु आवधिक चौधौं योजनाका प्रमुख रणनीतिहरू के-के हुन् ? (५)
६. जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न नेपाल सरकारले लिएका नीतिगत व्यवस्थाहरू उल्लेख गर्नुहोस् । (५)

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।**

७. नेपालमा विद्यमान बेरोजगारीका प्रमुख कारणहरू पहिचान गर्दै प्रभावकारी ढंगले बेरोजगारी न्यूनीकरण गर्न के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला ? उल्लेख गर्नुहोस् । (१०)

## खण्ड (Section) – B

**तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

८. नेपालको वर्तमान संविधानका प्रमुख विशेषताहरू बुँदागत रुपमा उल्लेख गर्नुहोस् । (५)
९. स्थानीय सरकार भन्नाले के बुझिन्छ ? नेपालमा स्थानीय सरकारको आवश्यकता सम्बन्धमा लेख्नुहोस् । (५)
१०. नागरिकका दायित्व भन्नाले के बुझिन्छ ? नेपालको संविधानमा नागरिकका दायित्व सम्बन्धमा के उल्लेख गरिएको छ ? (५)
११. समावेशी लोकतन्त्रका फाइदाहरूबीच छोटकरीमा चर्चा गर्नुहोस् । (५)

**तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१२. कानुनी राज्यको अवधारणा उल्लेख गर्दै नेपालमा यसको प्रयोगबारे लेख्नुहोस् ।

## खण्ड (Section) – C

**तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१३. गैर कर राजश्व भनेको के हो ? गैर कर राजश्वका स्रोतहरू के-के हुन् ? (५)
१४. बजेट तर्जुमाका चरणहरू के-के हुन ? (५)
१५. निजामती सेबालाई परिभाषित गर्दै नेपालको निजामती सेवामा आचरणसम्बन्धी प्रावधानको बारेमा चर्चा गर्नुहोस् । (५)
१६. सार्वजनिक सेवा प्रवाहमा निजामती कर्मचारीको भूमिका कस्तो रहेको छ ? संक्षेपमा लेख्नुहोस् । (५)

**तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१७. व्यवस्थापन सूचना प्रणाली भन्नाले के बुझिन्छ ? कार्यालयमा यसको आवश्यकता र महत्त्व के छ ? उदाहरणसहित स्पष्ट गर्नुहोस् । (१०)

उल्लेखित प्रश्नहरूको उत्तर सम्बन्धित पाठमा समावेश गरिएको छ ।

लोकसेवा आयोग

राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिकतर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा

पत्र : द्वितीय (मिति : २०७४/०१/१६) पूर्णाङ्क : १००

विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन समय : २ घण्टा ३० मिनेट

निम्न प्रश्नको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## खण्ड (Section) – A

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

१. नेपालमा जलविद्युत् विकासका सम्भावनाहरू संक्षेपमा उल्लेख गर्नुहोस्। (५)

२. संस्कृतिको प्रवर्द्धन गर्नका लागि सरकारले संचालन गरेको कुनै पाँचवटा कार्यक्रमहरूको बारेमा उल्लेख गर्नुहोस्। (५)

३. चौधौँ योजनाका मुख्य उपलब्धिहरू उल्लेख गर्नुहोस्। (५)

४. नेपालको सन्दर्भमा आर्थिक विकासका परिसूचकहरू लेख्नुहोस्।

५. छोटो टिप्पणी लेख्नुहोस्। (क) खाद्य सुरक्षा ख) सामाजिक सुरक्षा

६. जलवायु परिवर्तन भनेको के हो ? जलवायु परिवर्तनका असर कम गर्न चाल्नुपर्ने उपायहरू लेख्नुहोस्। (५)

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।**

७. गरिबी र बेरोजगारीबीचको अन्तरसम्बन्ध उल्लेख गर्दै नेपालमा बढ्दो बेरोजगारी समस्या समाधानका लागि चालिनुपर्ने कदमहरूबारे उल्लेख गर्नुहोस्। (१०)

## खण्ड (Section) – B

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

८. नागरिक शिक्षा भनेको के हो ? छोटकरीमा लेख्नुहोस्। (५)

९. समावेशीकरण भन्नाले के बुझ्नुहुन्छ ? यसका सकारात्मक पक्षहरूको बारेमा लेख्नुहोस्। (५)

१०. लोकतान्त्रिक मूल्य र मान्यता भनेको के हो ? विकासका लागि यसको आवश्यकता किन पर्दछ ? (५)

११. "पारदर्शीता सुशासनको आधार स्तम्भ हो" उदाहरणसहित उल्लेख गर्नुहोस्। (५)

**तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१२. पूर्ववर्ती संविधानहरू भन्दा वर्तमान संविधानमा रहेका थप र पृथक विशेषताहरू लेख्नुहोस्। वर्तमान संविधानको संशोधन विविधता बारे मा समेत चर्चा गर्नुहोस्। (१०)

## खण्ड (Section) – C

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

१३. व्यवस्थापन सूचना प्रणालीले कार्यालय व्यवस्थापनमा कसरी सहायोग पुऱ्याउँछ ? (५)

१४. नेपालको बजेट तर्जुमा र स्वीकृति प्रक्रियाबारे चर्चा गर्नुहोस्। (५)

१५. छोटो टिप्पणी लेख्नुहोस् : (क) धरौटी स्रेस्ता प्रणाली (ख) अन्य शुल्क

१६. नेपालको निजामती सेवामा व्यवस्था गरिएका आचरण र अनुशासनसम्बन्धी व्यवस्थाहरूको बारेमा लेख्नुहोस्।

**तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१७. नेपालमा कुल ग्राहस्थ उत्पादनको लागि राजश्वको अनुपात अझै न्यून देखिन्छ। यसो हुनुका कारणहरू के-के हुन् ? वर्णन गर्नुहोस्। (१०)

उल्लेखित प्रश्नहरूको उत्तर सम्बन्धित पाठमा समावेश गरिएको छ ।

**लोकसेवा आयोग**
**राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिकतर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा**
**पत्र : द्वितीय (मिति : २०७३/०१/२३) पूर्णाङ्क : १००**
**विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन समय : २ घण्टा ३० मिनेट**

**निम्न प्रश्नको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

## खण्ड (Section) – A

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१. नेपालको तराई प्रदेशको परिचय दिदै यसले देशको आर्थिक विकासमा पुऱ्याएको योगदानबारे चर्चा गर्नुहोस् । (५)
२. जलसम्पदा भनेको के हो ? सप्कोशी नदी र फेवातालको बारेमा लेख्नुहोस् । (५)
३. दराइ समुदायका बारेमा प्रकाश पार्नुहोस् । (५)
४. आर्थिक विकासको लागि सार्वजनिक क्षेत्र र निजी क्षेत्रबीच कस्तो सम्बन्ध हुन जरुरी छ? चर्चा गर्नुहोस् । (५)
५. नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्त्वबारे उल्लेख गर्नुहोस् । (५)
६. नेपालको निर्यात व्यपारमा अपेक्षित वृद्धि हुन नसक्नुका कारणहरू के-के हुन् ? (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

७. जलवायु परिवर्तन हुनुको मुख्य कारण उल्लेख गर्दै वातावरण प्रदूषण कम गर्न अपनाउनुपर्ने उपायहरू उल्लेख गर्नुहोस् । (१०)

## खण्ड (Section) –B

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

८. लोकतान्त्रिक मूल्यमान्यता भन्नाले के बुझिन्छ ? यसको महत्त्व प्रकाश पार्नुहोस् । (५)
९. नेपाल सरकारको केन्द्रीय सङ्गठन अन्तर्गत कस्ता निकायहरू पर्दछन् ? लेख्नुहोस् । (५)
१०. नागरिक समाज भनेको के हो ? यसका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । (५)
११. नेपालका वर्तमान संविधानको मुख्य विशेषताहरू के-के हुन् ? प्रकाश पार्नुहोस् । (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१२. समावेशीकरणले समाजमा कस्तो परिवर्तन भएको छ ? उल्लेख गर्नुहोस् । (१०)

## खण्ड (Section) – C

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१३. कार्यालय संचालन गर्नका लागि सूचना र सञ्चारको महत्त्व बारेमा लेख्नुहोस् । (५)
१४. सार्वजनिक सेवा प्रवाहमा सार्वजनिक सुनुवाइको महत्त्वबारे चर्चा गर्नुहोस् । (५)
१५. निजामती सेवा ऐन, २०४९ वमोजिम नेपालको निजामती सेवाको गठन सम्बन्धमा प्रष्ट पार्नुहोस् । (५)
१६. नेपालको लेखा प्रणालीका प्रमुख सिद्धान्तहरू उल्लेख गर्नुहोस् । (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१७. बजेट चक्र भनेको के हो ? बजेट तर्जुमा गर्दा के कस्ता विषयमा ध्यान दिनुपर्दछ ? उल्लेख गर्नुहोस् । (१०)

उल्लेखित प्रश्नहरूको उत्तर सम्बन्धित पाठमा समावेश गरिएको छ ।

**लोकसेवा आयोग**

**राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिकतर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा**

**पत्र : द्वितीय** **(मिति : २०७२/०२/३०)** **पूर्णाङ्क : १००**

**विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन** **समय : २ घण्टा ३० मिनेट**

**निम्न प्रश्नको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

## खण्ड (Section) – A

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१. नेपालको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका कस्तो रहेको छ ? उल्लेख गर्नुहोस्। (५)

२. बसाइँसराइ भन्नाले के बुझ्नुहुन्छ ? बसाइँसराइले सामाजिक आर्थिक क्षेत्रमा पार्ने नकारात्मक असरहरू उल्लेख गर्नुहोस्। (५)

३. जैविक विविधता भन्नाले के बुझिन्छ ? नेपालमा जैविक विविधता संरक्षणका उपायहरूबारे चर्चा गर्नुहोस्। (५)

४. चालु १५ औं योजना (२०७६/७७-२०८०/८१) ले वातारण संरक्षण एवम् जलवायु परिवर्तन सम्बन्धमा कस्तो दीर्घकालीन सोच र उद्देश्य लिएको थियो ? उल्लेख गर्नुहोस्। (५)

५. संस्कृति भन्नाले के बुझ्नुहुन्छ ? छोटकरीमा परिभाषासहित उल्लेख गर्नुहोस्। (५)

६. नेपालमा कृषिको महत्त्व छोटकरीमा उल्लेख गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

७. सामाजिक सुरक्षा भनेको के हो ? नेपालमा सामाजिक सुरक्षा सम्बन्धी के कस्ता कार्यक्रमहरू संचालन गरिएका छन् ? चर्चा गर्नुहोस्। (१०)

## खण्ड (Section) – B

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

८. नेपालको संविधान वमोजिम राज्यको सामाजिक उद्देश्य के रहेको छ ? उल्लेख गर्नुहोस्। (५)

९. केन्द्रीय सरकारका प्रमुख कार्यहरू उल्लेख गर्नुहोस्। (५)

१०. लोकतन्त्रको सफलताका लागि आवश्यक पर्ने पूर्वसर्तहरू उल्लेख गर्नुहोस्। (५)

११. सकारात्मक विभेद भन्नाले के बुझ्नुहुन्छ ? संक्षेपमा उल्लेख गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१२. नेपालको सामाजिक सशक्तिकरण र विकासमा नागरिक समाजको भूमिका कसतो हुनुपर्छ ? चर्चा गर्नुहोस्। (१०)

## खण्ड (Section) –C

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१३. असल अभिलेख व्यवस्थापनमा हुनुपर्ने गुणहरू उल्लेख गर्नुहोस्। (५)

१४. सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका उल्लेख गर्नुहोस्। (५)

१५. कार्यालय व्यवस्थापन भनेको के हो ? वर्णन गर्नुहोस्। (५)

१६. नेपालको निजामती सेवामा वृत्ति विकाससम्बन्धी कस्तो व्यवस्था छ ? उल्लेख गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१७. सरकारी बजेटका उद्देश्यहरू उल्लेख गर्नुहोस् र नेपालको बजेट तर्जुमा प्रक्रियाबारे चर्चा गर्नुहोस्। (१०)

उल्लेखित प्रश्नहरूको उत्तर सम्बन्धित पाठमा समावेश गरिएको छ ।

लोकसेवा आयोग

राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिकतर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा

पत्र : द्वितीय (मिति : २०७०/०१/१४) पूर्णाङ्क : १००

विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन समय : २ घण्टा ३० मिनेट

**निम्न प्रश्नको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

## खण्ड (Section) – A

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१. प्रमाणिक समय भनेको के हो ? नेपालको प्रमाणिक समय कसरी लिइएको छ ? उल्लेख गर्नुहोस्। (५)

२. नेपालको वन सम्पदाको संरक्षण गर्न के कस्ता उपायहरू अवलम्बन गर्नुपर्दछ ? (५)

३. नेपालमा प्रचलित ल्होछार पर्वहरूको बारेमा छोटकरीमा वर्णन गर्नुहोस्। (५)

४. अव्यवस्थित सहरीकरणबाट विकसमा नकारात्मक असर पर्दछ भन्ने भनाईको पुष्टि गर्नुहोस्। (५)

५. नेपालका आदिवासी तथा जनजातिहरूको प्राथमिकीकरण तथा वर्गीकरण कसरी गरिएको छ ? वर्णन गर्नुहोस्। (५)

६. चालु १५ औं योजना (२०७६/७७-२०८०/८१) ले पर्यटन विकासको निम्ति लिएका रणनीतिहरू उल्लेख गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

७. वैदेशिक रोजगारले नेपालको राजश्व वृद्धिमा महत्त्वपूर्ण सघाउ पुऱ्याएको छ भन्ने भनाइलाई छोटकरीमा पुष्टि गर्नुहोस्। (१०)

## खण्ड (Section) – B

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

८. नेपालको संविधानका विशेषताहरूको बारेमा उल्लेख गर्नुहोस्। (५)

९. सुशानका आयामहरू उल्लेख गर्नुहोस्। (५)

१०. नागरिक शिक्षा भन्नाले के बुझ्नुहुन्छ ? नागरिक शिक्षाको महत्त्वबारे चर्चा गर्नुहोस्। (५)

११. कानुनको शासन भन्नाले के बुझ्नुहुन्छ ? संक्षेपमा उल्लेख गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१२. समानुपातिक प्रतिनिधीत्व भन्नाले के बुझ्नुहुन्छ ? समानुपातिक प्रतिनिधित्वका सवल र दुर्वल पक्षहरूबारे प्रकाश पार्नुहोस्। (१०)

## खण्ड (Section) – C

**निम्न प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।**

१३. बजेटको प्रमुख ५ वटा विशेषताहरू लेख्नुहोस्। (५)

१४. नेपालको निजामती सेवामा पदपूर्तिका विशेषताहरू उल्लेख गर्नुहोस्। (५)

१५. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाग्राहीले के कस्तो दायित्व निर्वाह गर्नुपर्दछ ? (५)

१६. व्यवस्थापन सूचना प्रणाली के हो ? कार्यालय व्यवस्थापनमा यसको महत्त्व उल्लेख गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१७. करको अवधारणा स्पष्ट पार्नुहोस्। कर कति किसिमका हुन्छन् ? प्रत्येक प्रकारका करका सवल तथा कमजोर पक्षको विवेचना गर्नुहोस्। (१०)

उल्लेखित प्रश्नहरूको उत्तर सम्बन्धित पाठमा समावेश गरिएको छ ।

**लोकसेवा आयोग**
**राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिकतर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा**
**पत्र : द्वितीय** **(मिति : २०६९/०१/२३)** **पूर्णाङ्क : १००**
**विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन** **समय : २ घण्टा ३० मिनेट**

**निम्न प्रश्नको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

## खण्ड (Section) – A

**निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

१. भौगोलिक हिसावले नेपाललाई कति प्रदेशमा विभक्त गर्न सकिन्छ ? ती प्रदेशहरूको विशेषता छोटकरीमा उल्लेख गर्नुहोस् । (५)
२. नेपालमा जलविद्युत् विकासका सम्भावनाका बारेमा संक्षेपमा वयान गर्नुहोस् । (५)
३. मानव विकास सुचाकाङ्क (HDI) भनेको के हो ? छोटकरीमा व्याख्या गर्नुहोस् । (५)
४. नेपालको आर्थिक विकासमा निजी क्षेत्रले खेल्ने भूमिकाबारे छोटकरीमा चर्चा गर्नुहोस् । (५)
५. गरिबी भनेको के हो ? निरपेक्ष गरिबी र सापेक्ष गरिबीबीचमा भिन्नता देखाउनुहोस् । (५)
६. छोटो टिप्पणी लेख्नुहोस् : (क) नेपालका जातजातिहरू (ख) जैविक विविधता (२.५+२.५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

७. नेपालमा वातावरण प्रदूषणको अवस्था कस्तो रहेको छ ? वातावरणीय प्रदूषणलाई न्यूनिकरण गर्न तथा जलवायु परिवर्तनको प्रभावलाई थेग्नका लागि नेपाल सरकारले गरेका प्रयासहरूको बारेमा विवेचना गर्नुहोस् । (२+८)

## खण्ड (Section) – B

**निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

८. नागरिक समाजका दायित्व के के हुन् ? उल्लेख गर्नुहोस् । (५)
९. कानुनका स्रोतहरू के के हुन् ? उल्लेख गर्दै विधीयिकाले बनाएको कानुन सर्वशक्तिमान किन मानिन्छ ? छोटकरीमा उल्लेख गर्नुहोस् । (५)
१०. लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिकाबारे उल्लेख गर्नुहो् । (५)
११. कानुनको अर्थ र महत्त्वमाथि प्रकाश पार्नुहोस् । (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१२. सकारात्मक विभेद भनेको के हो ? नेपालको संविधानले समानताको हकअन्तरत सकारात्मक विभेद सम्बन्धी कस्तो व्यवस्था गरेको छ ? सकारात्मक विभेदका केही प्रमुख फाइदा र बेफाइदाहरू के के हुन सक्छन् ? उल्लेख गर्नुहोस् । (२+३+५)

## खण्ड (Section) – C

**निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

१३. व्यवस्थापन सूचना प्रणाली भनेको के हो ? कार्यालयमा यसको महत्त्व प्रष्ट पार्नुहोस् । (५)
१४. अन्तिम लेखापरीक्षण भन्नाले के बुझनुहुन्छ ? लेख्नुहोस् । (५)
१५. निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरणहरू के के हुन् ? (५)
१६. कार्यालयमा अभिलेख व्यवस्थापन किन आवश्यक हुन्छ ? विवेचना गर्नुहोस् । (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१७. नेपालको सहकारी क्षेत्रले गर्ने सार्वजनिक सेवा प्रमावहमा सेवा प्रदायकको भूमिका सन्तोषजनक छैन । विवेचना गर्नुहोस् । (१०)

**उल्लेखित प्रश्नहरूको उत्तर सम्बन्धित पाठमा समावेश गरिएको छ ।**

**लोकसेवा आयोग**
**राजपत्र अनंकित प्रथम श्रेणी, अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, नायब, सुब्बा वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा**
**पत्र : द्वितीय (मिति : २०६९/०१/१६) पूर्णाङ्क : १००**
**विषय : सामाजिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन समय : २ घण्टा ३० मिनेट**

**निम्न प्रश्नको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

## खण्ड (Section) – A

**निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

१. नेपालको भौगोलिक विशेषताहरू के के छन् ? छोटकरीमा उल्लेख गर्नुहोस्। (५)
२. नेपाल कृषि प्रधान देश हो। तर नेपालमा खेतीयोग्य जमिनको उत्पादकत्व घट्नुको कारण उल्लेख गर्नुहोस्। (५)
३. नेपालमा जलवायु परिवर्तनबाट देखा परेका वा पर्न सक्ने असर सम्बन्धमा उल्लेख गर्नुहोस्। (५)
४. चेपाङ जातिका बारेमा लेख्नुहोस्। (५)
५. वन ऐन, २०७६ ले नेपालको राष्ट्रिय वन व्यवस्थापन तथा उपयोग सम्बन्धका के कस्तो व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस्। (५)
६. चालु १५ औं योजना (२०७६/७७-२०८०/८१) ले लिएको लक्ष्य रणनीति एवम् प्राथमिकताको बारेमा उल्लेख गर्नुहोस्। (५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

७. ऊर्जा सङ्कट भन्नाले के बुझ्नुहुन्छ ? यो सङ्कट गर्न कस्ता उपाय अपनाउनुपर्छ ? यस संङ्कटले प्रभावित सबै क्षेत्र समावेश गरी लेख्नुहोस्। (३+७)

## खण्ड (Section) – B

**निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

८. नेपालको संविधान बमोजिम संवैधानिक परिषदको गठन विधि उल्लेख गर्नुहोस्। (५)
९. कानुनी राज्यका आवश्यक तत्त्वहरू के के हुन् ? छोटकरीमा लेख्नुहोस्। (५)
१०. समावेशी अवधारणाका मूल उद्देश्यहरू के-के हुन् ? छोटकरीमा लेख्नुहोस्। (५)
११. सुशासन भन्नाले के बुझाउँछ ? सार्वजनिक प्रशासनमा सुशासनका प्रमुख आधारहरू के के हुन् ? (२+५)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१२. देश विकासका लागि नागरिक समाजले खुल्नुपर्ने भूमिकाको विषयमा चर्चा गर्नुहोस्। (१०)

## खण्ड (Section) – C

**निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

१३. कार्यालय व्यवस्थापनको अर्थ बताउँदै यसको महत्त्व दर्शाउनुहोस्। (५)
१४. सरकारी लेखा प्रणाली भन्नाले के बुझ्नुहुन्छ ? (५)
१५. निजामती सेवा पुरस्कार सिफारिस समितिमा को को रहने व्यवस्था छ ? (५)
१६. सार्वजनिक सेवा भनेको के हो ? सार्वजनिक सेवा प्रवाह गर्ने तरिकाको बारेमा लेख्नुहोस्। (३+२)

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् ।**

१७. नेपाल सरकारको आर्थिक कार्य प्रणालीको चर्चा गर्नुहोस्। (१०)

उल्लेखित प्रश्नहरूको उत्तर सम्बन्धित पाठमा समावेश गरिएको छ ।